प्रशासकीय अदालत

इजलास

श्री काशीराज दाहाल.....अध्यक्ष
श्री कुमार योञ्जन तामाङ्ग ..... सदस्य
श्री राजन खनाल .....सदस्य

फैसला

सम्वत् २०७२ सालको पु.वे.नं..... ३२

मुद्दा :-विभागीय सजाय ।

जिल्ला वन कार्यालय वाग्लुङ्गमा कार्यरत वन अधिकृत विन्दुकुमारी मिश्र .....१ **पुनरावेदक पक्ष**

विरूद्ध

वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबार, काठमाडौं ..... १ **प्रत्यर्थी विपक्षी**
सचिव, वन तथा भू-संरक्षण मन्त्रालय १

निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) तथा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६ बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र निर्णय यसप्रकार छ :-

मिति २०७०।४।१० गतेको कान्तिपुर दैनिकमा जिल्ला वन कार्यालय पर्साले जिल्ला वन पैदावार आपूर्ति समितिका पुराना काठहरु लिलाम गरी छोडपूर्जी दिँदा अनियमितता भएको भन्ने सम्बन्धमा प्रकाशित समाचार र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएको उजुरी दर्ता नं. ७८० मिति २०७०।४।२० गतेको उजुरीका विषयमा छानविन तथा अनुसन्धानका साथ कानुन बमोजिम कारवाही समेत गरी सो को जानकारी आयोगमा पठाउन भनि आयोगको मिति २०७०।४।२१ को निर्णय अनुसार लेखि आएकोले सो सम्बन्धमा यस निर्देशनालयबाट उपसचिव खडानन्द शर्मासहितको छानविन टोली खटाई जाँचबुझ भई प्राप्त प्रतिवेदन अनुसार त्यस जिल्ला वन कार्यालय अन्तर्गत जिल्ला वन पैदावार आपूर्ति समितिबाट लिलाम विक्रि भएको लट नं. १ को साल ८२ थान गोलिया ६१४.४० क्यू.फिट र लट नं. ३ को साल ११६ थानको ९७५.८१ क्यू.फिटलाई तत्कालिन राजश्व दर अनुसार प्रति क्यू.फिट रु.२५०।- का दरले न्यूनतम मूल्य कायम गरी लिलाम बढाबढ भएकोमा मिति २०६८।२।६ को निर्णयानुसार टेण्डर स्वीकृत भएको र सकार रकम १०(दश) दिनभित्र दाखिला गर्न

सकारकर्ता फर्महरुलाई पत्राचार भएकोमा पटक पटक ताकेता गर्दा समेत म्यादभित्र रकम दाखिला नभएको देखियो । यसरी म्याद भित्र रकम दाखिला नभए पछि पहिलो सकारकर्ताको धरौटी जफत गरी दोस्रो सकारकर्तालाई रकम जम्मा गर्न बोलाउनु पर्नेमा सो अनुसार भए गरेको देखिएन । मिति २०६८।२।२३ मा रोयल्टी वृद्धि भएपछि पनि पुनः पहिलो सकारकर्तालाई नै त्यस कार्यालयबाट मिति २०६८।३।५, २०६८।३।३१ र २०६९।१०।३ मा पत्राचार गरी ताकेता गरिएको र यसरी म्याद नाघेपछि र रोयल्टी वृद्धि समेत भएपछि मिति २०६८।५।७ मा दाखिला भएको साविककै मूल्य अनुसारको राजश्व रकम स्वीकार गरी लट नं. ३ मा पटेल काष्ठ उद्योगबाट रु. २,७९,३९४.६५ र लट नं. १ मा न्यू तिवारी ट्रेडर्सबाट रु. १,६३,८४०.०९ कम राजश्व दाखिला हुँदा हुँदै पनि तपाईले निज सकारकर्ताहरुलाई ढाँचा विमार्का गरी छोडपूर्जि समेत दिएको देखियो । यसरी रोयल्टी वृद्धि भएको मितिसम्ममा रकम दाखिला र विमार्का समेत नभएको काठको लिलाम वदर गरी नयाँ रोयल्टी दर अनुसार मूल्य कायम गरी लिलाम विक्री गर्नु पर्नेमा सो नगरी थप राजश्व समेत दाखिला नगराई पुरानै मूल्यको सकार रकम दाखिला भएको आधारमा तपाईले विमार्का छोडपूर्जि दिएको देखिँदा यसबाट नेपाल सरकारलाई रु. ४,४३,२३४.७४ कम राजश्व प्राप्त भई हिनामिना भएको देखिएकोले उक्त रकम तपाई समेतबाट असुल उपर गरी तपाईलाई कानुनले तोकको पदीय दायित्व जिम्मेवारीपूर्वक नगरेको भनी विभागीय कारवाही समेत किन नचलाउने ? यो पत्र प्राप्त भएको ७ (सात) दिनभित्र आफ्नो स्पष्टीकरण यस निर्देशनालयमा पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०७०।८।७ मा मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालयले निज पुनरावेदिकालाई स्पष्टीकरण पेश गर्ने सम्बन्धी लेखेको पत्र ।

म जिल्ला वन कार्यालय, पर्सामा मिति २०६९।७।१ गतेदेखि हाजिर भई काम काज गरेको व्यहोरा अनुरोध गर्दछु, मिति २०६८।२।६ मा नियमानुसार टेण्डर स्वीकृत भई सकार रकम दश दिन भित्र रकम दाखिला गर्ने सकारकर्तालाई पत्राचार भएकोमा पटक पटक ताकेता गर्दा पनि रकम दाखिला नगरेकोमा प्रथमको धरौटी जफत गरी क्रमशः दोश्रो र तेश्रोलाई बोलाउनु पर्नेमा म हाजिर हुनुभन्दा १ वर्ष अगावै उक्त दुबै लटहरुको सकारकर्ताहरुले मिति २०६८।५।७ मा सकार रकम दाखिला गरेका रहेछन् । दुबै सकारकर्ताहरु पटेल काष्ठ उद्योग र न्यू तिवारी ट्रेडर्सबाट उल्लेख भई आए अनुसारको राजश्व रकम र मूल्य अभिवृद्धि कर समेत गरी जम्मा रु. ४,४३,२३४.७४ समयमै सम्बन्धित राजश्व खाताहरुमा मिति २०७०।८।२६ मा दाखिला गर्न लगाई पदीय जिम्मेवारी समयमा नै पूरा गरेको छु । नेपाल सरकारको नपुग राजश्व समेत असुल उपर गरी सकेकोमा स्वतः निर्दोष देखिने हुँदा म माथि विभागीय कारवाही समेत नहुन विनम्र अनुरोध गर्दछु भन्ने समेत व्यहोराको निज पुनरावेदिकाको मिति २०७०।९।५ मा मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालय समक्ष पेश गरेको स्पष्टीकरण ।

जिल्ला वन पैदावार आपूर्ति समिति, पर्साको काठ लिलामीको सूचना प्रकाशित गरी मिति २०६८।२।६ मा टेण्डर स्वीकृत गर्दा रकम जम्मा गर्न पत्राचार भएको तर मिति २०६८।२।२३ मा काठको राजश्व वृद्धि भएको हुँदा काठको मूल्य वृद्धि भइसके पछि विभिन्न काष्ठ उद्योगलाई मिति २०६८।३।५, २०६८।३।३१ र २०६९।१०।३ मा पुरानो दर रेट मै राजश्व रकम वृद्धि गर्न ताकेता पत्राचार गरी २०६८।५।७ मा पुरानो दरको राजश्व रु. १,५३,६००।- जम्मा गर्न लगाई नयाँ राजश्व दर अनुसार हुने रकम रु. २,९८,७९१।- मा रु.१,६३,८४०।- राजश्व कम जम्मा गर्न लगाएकोले सरकारी हानी नोक्सानी गराउनुको कारण, नपुग राजश्व रु. १,६३,८४०।- थप गरी राजश्व जम्मा गराएर मात्र काठ विमार्का, छोडपूर्जी दिनु पर्नेमा जिम्मेवार कार्यालय प्रमुखबाट मिलेमतोमा सहभागी भै कम राजश्व दरमै छोडपूर्जी दिई रु. १,६३,८४०।- राजश्व नोक्सान गरी सरकारी हानी नोक्सानी गरेको सम्बन्धमा पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेकोले तपाईलाई प्रचलित निजामती सेवा ऐन, २०४९ को दफा ५९ को देहाय (क) को (२) अनुसार विभागीय सजाय किन नगर्ने ? नगर्नु पर्ने कुनै कारण भए सो समेत खुलाई पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिनभित्र निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिम सफाई पेश गर्न जानकारी गराउँदछु भन्ने समेत व्यहोराको मिति २०७१।३।२०

मा वन तथा भू-संरक्षण मन्त्रालयले निज पुनरावेदिका विन्दुकुमारी मिश्रलाई स्पष्टीकरण पेश गर्ने सम्बन्धमा लेखेको पत्र ।

मिति २०६८।२।६ मा टेण्डर स्वीकृत गर्दा रकम जम्मा गर्न पत्राचार भएको तर मिति २०६८।२।२३ मा काठको राजश्व वृद्धि भएको हुँदा काठको मूल्य वृद्धि भइसकेपछि विभिन्न काष्ठ उद्योगलाई मिति २०६८।३।५, २०६८।३।३१ र २०६९।१०।३ मा पुरानो दर रेट मै राजश्व रकम दाखिला गर्न ताकेता पत्राचार गरी २०६८।५।७ मा पुरानो दरको राजश्व रु. १,५३,६०० जम्मा गर्न लगाई नयाँ राजश्व दर अनुसार हुने रकम रु. २,९८,७९१ मा रु. १,६३,८४०।- राजश्व कम जम्मा गराएको सम्बन्धमा उक्त रकम म हाजिर हुनुभन्दा करिब एक वर्ष अगावै जम्मा भएको व्यहोरा अनुरोध छ । नेपाल सरकारको नपुग राजश्व समेत असुल उपर गरी पदीय जिम्मेवारी समयमा नै पूरा गरेको छु । अतः आफ्नो कार्यकालमा कुनै अनियमित कार्य नगरेको साथै नपुग रकम पनि समयमा नै दाखिला गराई सकेकोले म माथि कारवाही हुनु नपर्ने व्यहोरा सादर अनुरोध गर्दछु भन्ने समेत व्यहोराको मिति २०७०।४।२ मा निज पुनरावेदिकाले वन तथा भू-संरक्षण मन्त्रालयमा पेश गरेको स्पष्टीकरण ।

वन तथा भू-संरक्षण मन्त्रालयको प.सं. आ.व्य. ११/३६/०७१/०७२ च.नं. ८८४ मिति २०७१।७।१८ गतेको पत्रबाट जिल्ला वन कार्यालय, पर्साका तत्कालीन जिल्ला वन अधिकृत विन्दुकुमारी मिश्रलाई निजामती सेवा ऐन, २०४९ को दफा ६०(क) र (घ) को कसूरमा सोही ऐनको दफा ५९(क)(२) बमोजिम दुई तलब वृद्धि रोक्का गर्ने सजायका लागि परामर्श माग भई आएकोमा "यसमा माग बमोजिम परामर्श पठाउने र एक महिनाभित्र विभागीय कारवाही सम्पन्न गरी सो को जानकारी आयोगलाई गराउन लेखी पठाउने" भनी आयोगबाट मिति २०७१।१०।२७ मा निर्णय भएको हुँदा निजलाई एक महिनाभित्र निजामती सेवा नियमावली, २०५० को अनुसूची-१७ बमोजिमको ढाँचामा विभागीय सजाय गरी सो को प्रतिलिपिसहितको जानकारी यस आयोगलाई समेत दिनु हुन आदेशानुसार अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०७१।११।६ मा लोक सेवा आयोगको परामर्श सहित सक्कल फाईल फिर्ता सम्बन्धी पत्र ।

वन विभागको नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह रा.प.द्वितीय (प्रा.) श्रेणीको उपसचिव (प्रा.) पदमा कार्यरत विन्दु कुमारी मिश्र जिल्ला वन कार्यालय, पर्साको जिल्ला वन अधिकृत पदमा कार्यरत रहेको अवस्थामा जिल्ला वन पैदावार आपूर्ति समिति, पर्साको काठ लिलामीको सूचना प्रकाशित गरी मिति २०६८।२।६ मा टेण्डर स्वीकृत गर्दा रकम जम्मा गर्न पत्राचार भएको तर मिति २०६८।२।२३ मा काठको राजश्व वृद्धि भएकोमा मिति २०६८।३।५, २०६८।३।३१ र २०६९।१०।३ मा पुरानो दर रेट मै राजश्व दाखिला गर्न ताकेता पत्राचार गरी २०६८।५।७ मा पुरानो दरको राजश्व रु. १,५३,६००।- जम्मा गर्न लगाई नयाँ राजश्व दर अनुसार हुने रकम रु. २,९८,७९१।- मा रु. १,६३,८४०।- राजश्व कम जम्मा गर्न लगाई एवम् नपुग राजश्व रु. १,६३,८४०।- थप गरी राजश्व जम्मा गराएर मात्र काठ विमार्का, छोडपूर्जी दिनु पर्नेमा कम राजश्व दर मै छोडपूर्जी दिई रु. १,६३,८४०।- राजश्व नोक्सान गरी सरकारी हानी नोक्सानी गरी आफ्नो पदको जिम्मेवारी वेवास्ता गरेको देखिएकोले निजसँग यस मन्त्रालयको प.सं. आ.व्य.टि.फा. ०७०/०७१ नं.४७६६ मिति २०७१।३।२० को पत्रबाट निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिम १५ (पन्ध्र) दिनको म्याद दिई सफाई माग गरिएकोमा निजबाट मिति २०७१।४।२ मा प्राप्त सफाई सन्तोषजनक मान्न सकिएन । सङ्कलन भएका कागजात, बुझिएका सवुद प्रमाण उपर समेत विचार गर्दा निज विन्दु कुमारी मिश्रले निजामती सेवा ऐन, २०४९ (तेश्रो संशोधन सहित) को दफा ६० को खण्ड (क) र (घ) बमोजिमको कसूर गरेको देखिएकोले निजउपर सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम २ (दुई) तलब वृद्धि रोक्का गर्ने सजाय प्रस्ताव गरी सो सजाय गर्नको निमित्त निजामती सेवा ऐन, २०४९ को दफा ६८ बमोजिम लोक सेवा आयोगको केन्द्रीय कार्यालयमा परामर्शको लागि पठाइएकोमा आयोगको प.सं.व.उ.स.प. १०(१)४७, ४८/०७१/०७२ च.नं. ४१५ मिति २०७१।११।६ को पत्रबाट परामर्शप्राप्त भए अनुरुप निज जिल्ला वन अधिकृत विन्दु कुमारी मिश्रलाई निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम २ (दुई) तलब

वृद्धि रोक्का गर्ने सजाय गर्न निर्णय आदेश गरिएको छ । यो आदेशमा चित्त नबुझेमा निजामती सेवा नियमावली, २०५० को नियम ११४ को खण्ड (घ) को म्यादभित्र प्रशासकीय अदालत समक्ष पुनरावेदन दिन सकिनेछ भन्ने समेत व्यहोराको मिति २०७१।११।१७ मा वन तथा भू-संरक्षण मन्त्रालयका सचिवले निज पुनरावेदिकालाई गरेको विभागीय सजायको निर्णय ।

जिल्ला वन कार्यालय, पर्साको जिल्ला वन अधिकृत पदमा कार्यरत रहेको अवस्थामा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ६० को खण्ड (क) र (घ) को कसूर गरेको देखिएकोले निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम तपाईलाई २ (दुई) तलव वृद्धि रोक्का गरिएको व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०७१।११।१७ को निर्णय अनुसार अनुरोध गर्दछु भन्ने समेत व्यहोराको मिति २०७१।११।२५ मा वन तथा भू-संरक्षण मन्त्रालयले निज पुनरावेदिका विन्दु कुमारी मिश्रलाई २ (दुई) तलव वृद्धि रोक्का गरिएको सम्बन्धमा लेखिएको पत्र ।

निजामती कर्मचारीलाई उचित र पर्याप्त कारण भएमा मात्र विभागीय सजाय गर्न सकिने ऐनको दफा ५९ ले प्रष्ट व्यवस्था गरेको छ । मलाई सजाय गर्न दफा ६० को (क) र (घ) को आरोप लगाइएको छ । आरोपित दफाले सम्पादन गरेको काम सन्तोषजनक नभएमा र कानुनले तोकेको पदीय जिम्मेवारी पूरा नगरेको अभियोगमा सजाय गरेको छ । ऐनको दफा ६६ ले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्ने प्रष्ट कानुनी व्यवस्था छँदा छँदै मैले कसूरजन्य कुनै कार्य नै नगरेको र सरकारलाई हानी नोक्सानी हुने काम गर्दै नगरेकोमा हानी नोक्सानी गरेको स्पष्टीकरण सोधिनु नै मलाई लगाइएको आरोप तथ्यगत कारणमा आधारित नभएको, त्यसमा पनि मैले मिति २०७१।४।२ मा दिएको स्पष्टीकरणमा आफ्नो यथार्थ विवरण उल्लेख गर्दा गर्दै त्यसतर्फ मनन् नै नगरी गरिएको निर्णय बदर गरी न्याय पाउँ भन्ने समेत व्यहोराको मिति २०७२।१।८ मा यी पुनरावेदिका विन्दुकुमारी मिश्रले यस अदालत समक्ष दायर गरेको पुनरावेदन पत्र ।

नपुग रकम पुनः सम्बन्धित काठ खरिदकर्ताबाट असुल उपर गराई सो रकम राजश्वमा दाखिला भै सकेको अवस्थामा उचित र पर्याप्त कारण विना नै विभागीय सजायको निर्णय गर्नु कानुन प्रतिकूल भएको भन्ने पुनरावेदिकाको जिकिर विचारणीय भएकोले अ.वं. २०२ नं. बमोजिम प्रत्यर्थीलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत सूचना दिई नियमानुसार पेश गर्नू भन्ने समेत व्यहोराको मिति २०७२।२।३२ मा यस अदालतबाट भएको आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदिकाका तर्फबाट उपस्थित अधिवक्ता श्री लेखनाथ भट्टराईले यी पुनरावेदिका विन्दुकुमारी मिश्रले काठ लिलाम टेण्डर सम्बन्धी कुनै आदेश र निर्णय गरेकी होइनन्, निज कार्यालयमा हाजिर हुनुभन्दा अगावै अर्थात मिति २०६८।२।६ मा टेण्डर स्वीकृत भइसकेको पुरानो दर रेट अनुसारको राजश्व असुलीको पत्र, ताकेता पत्र समेत पुनरावेदिकाबाट भएको होइन, पुनरावेदिका हाजिर हुनु अगावै भइसकेको कार्यलाई छोडपूर्जीसम्म दिएको, नयाँ दर रेट अनुसारको नपुग रकम रु.१,६३,८४०।- ठेकेदारबाट राजश्वमा दाखिला गराइसकेको हुँदा घटी रकम असुल गरेको भन्ने गलत तथ्यलाई आधार लिई उचित र पर्याप्त कारण विना नै निजामती सेवा ऐन, २०४९ को दफा ६० को (क) र (घ) को आरोप लगाई २ (दुई) तलव वृद्धि रोक्का गर्ने गरी गरेको विभागीय सजाय त्रुटीपूर्ण हुँदा वदर हुनुपर्छ भनी गर्नु भएको वहस र प्रत्यर्थी तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका उपन्यायाधिवक्ता श्री यादवप्रसाद पौडेलले पुनरावेदिकाले आफ्नो पदीय दायित्व जिम्मेवारीपूर्वक वहन नगरेको हुँदा मन्त्रालयका सचिवबाट गरेको विभागीय सजाय सदर हुनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनी सम्बन्धित मिसिल कागजात अध्ययन गरी हेर्दा यी पुनरावेदिकालाई वन तथा भू-संरक्षण मन्त्रालयका सचिवले मिति २०७१।११।१७ मा २ (दुई) तलव वृद्धि रोक्का हुने गरी गरेको विभागीय सजाय कानूनसम्मत छ, छैन ? र सो निर्णय बदर हुनु पर्ने हो, होइन ? भन्ने प्रश्नमा नै यस अदालतबाट निर्णय दिनुपर्ने देखिन आयो । प्रस्तुत मुद्दामा यी पुनरावेदिका विन्दुकुमारी

मिश्र जिल्ला वन कार्यालय, पर्साको जिल्ला वन अधिकृत पदमा कार्यरत रहेको अवस्थामा जिल्ला वन पैदावार आपूर्ति समिति, पर्साले काठ लिलामीको सूचना प्रकाशित गरी मिति २०६८।२।६ मा टेण्डर स्वीकृत गर्दा रकम जम्मा गर्न पत्राचार भएको तर मिति २०६८।२।२३ मा काठको राजश्व वृद्धि भएकोमा पुरानो दर रेट मै राजश्व दाखिला गर्न लगाई नयाँ राजश्व दर रेट अनुसार हुने रकम रु.२,९८,७९१।- मा रु. १,६३,८४०।- थप गरी राजश्व जम्मा गराएर मात्र काठ विमार्का छोडपूर्जी दिनुपर्नेमा कम राजश्व दर मै छोडपूर्जी दिई रु. १,६३,८४०।- राजश्व नोक्सान गरी सरकारी हानी नोक्सानी गरी आफ्नो पदको जिम्मेवारी बेवास्ता गरेकोले निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (क) र (घ) बमोजिमको कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम २(दुई) तलब वृद्धि रोक्का गर्ने गरी यी पुनरावेदिकालाई वन तथा भू-संरक्षण मन्त्रालयका सचिवबाट मिति २०७१।११।१७ मा विभागीय सजायको निर्णय गरेको देखियो । प्रस्तुत मुद्दामा पुनरावेदिकाको जिकिर एवम् पुनरावेदिका विन्दुकुमारी मिश्रका तर्फबाट रहनु भएका कानुन व्यवसायी अधिवक्ता श्री लेखनाथ भट्टराई एवम् प्रत्यर्थीका तर्फबाट उपस्थित हुनु भएका उपन्यायाधिवक्ता श्री यादव पौडेलले गर्नुभएको वहस समेत सुनी सम्बन्धित फाइल कागजातको अध्ययन गरी हेर्दा जिल्ला वन पैदावार आपूर्ति समिति, पर्साको काठ लिलामीको प्रकाशित सूचना अनुसार मिति २०६८।२।६ मा टेण्डर स्वीकृत भएको र मिति २०६८।२।२३ मा काठको राजश्व दररेट बढेकोमा पुरानै दररेट बमोजिम राजश्व दाखिला गर्न पत्राचार गरी काठ छोडपूर्जी गरिदिएको भन्ने आरोपमा यी पुनरावेदिकालाई सजाय गरेको देखिन्छ । आफू कार्यालयमा हाजिर हुनु पूर्व वर्ष दिन अगावै विद्यमान कानुन अनुरुप भएको कार्य, त्यसमा पनि पछि बढ भएको रकम दाखिला गराई सकेको अवस्थामा सजाय गर्नु कानुनसम्मत नभएको भन्ने पुनरावेदिकाको स्पष्टीकरण देखिन्छ । मिति २०६८।२।६ मा यी पुनरावेदिकाबाट टेण्डर स्वीकृत भएको नभई निज सरुवा भई सो कार्यालयमा हाजिर हुनुपूर्व नै पहिलेको विद्यमान दर रेट बमोजिम राजश्व दाखिला गराउन पत्राचार भइरहेकोमा आफू हाजिर भएपछि परिवर्तन भएको दर रेट बमोजिम नै थप राजश्व दाखिला गराइसकेको भन्ने पुनरावेदिकाको जिकिर मिसिल संलग्न कागजातबाट समर्थित भइरहेको अवस्थामा त्यसै विषयमा थप राजश्व दाखिला भइसकेपछि स्पष्टीकरण माग गरी विभागीय कारवाही गरेको देखिँदा यी पुनरावेदिकाले कम दर रेटमा टेण्डर स्वीकृत गर्ने र छोडपूर्जी दिने कार्य दुरासयपूर्ण किसिमले गरेको भन्ने आरोप तथ्यगत रुपमा प्रमाणित हुन सकेको नदेखिँदा निजलाई सजाय गर्नु न्यायसंगत नहुँदा यी पुनरावेदिकालाई मिति २०७१।११।१७ मा वन तथा भू-संरक्षण मन्त्रालयका सचिवले गरेको विभागीय सजायको निर्णय बदर हुने ठहर्छ । यो फैसलाको जानकारी लोक सेवा आयोग, पुनरावेदिका, सम्बन्धित मन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयलाई समेत दिई मिसिल नियमानुसार बुझाई दिनू ।

.....
(काशीराज दाहाल)
अध्यक्ष

उक्त रायमा सहमत छौं ।

.....	.....
(राजन खनाल)	(कुमार योञ्जन तामाङ्ग)
सदस्य	सदस्य

इति सम्वत् २०७२ साल असार २४ गते रोज ५ शुभम् ।